# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## जिरी नगरपालिका, दोलखा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योँट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूमा सुधार तथा गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**




# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

## प्रादेशिक लेखापरीक्षण निर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ५८२

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
जिरी नगरपालिका, दोलखा ।

**कैफियत सहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. यस नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.७ करोड ९८ लाख ६९ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.६ करोड ३० लाख ८६ हजार फस्यौंट भई बाँकी रू.१ करोड ६७ लाख ८३ हजार बेरुजू मध्ये असुल गर्नुपर्ने रू.६१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ६७ लाख २२ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ५ करोड ७ लाख ४९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजु रु ६ करोड ७५ लाख ३२ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

# जिरी नगरपालिका, दोलखा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फछ्र्यौट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2" rowspan="1">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेश नभएको</th><th>राजस्व लगत जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th><th></th></tr>
<tr><td>१</td><td>३०</td><td>७९८६९</td><td>०</td><td>१९</td><td>६३०८६</td><td>६१</td><td>११</td><td>१६७८३</td><td>६१</td><td>०</td><td>१६७२२</td><td>०</td><td>०</td><td>१६७२२</td><td>०</td></tr>
</table>

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोलखा | ५०७४९ | ० | ० | ५०७४९ | ० | १६७८३ | ६७५३२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : जिरी नगरपालिका, दोलखा , जिरी नगरपालिका , दोलखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ram Prasad Acharya | २०७८-१०-५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Jagdish Prasad Shiwakoti | २०७७-१२-११ | |
| लेखा प्रमुख | Maheshwor Prasad Adhikari | २०७६-४-२९ | |
| | | **बेरुजु रकम** | १६,७८३,४७८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५,९३,२५,८४६.३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९,०२,५२,८०५.१७ | **चालु खर्च** | २४,५९,६३,९८८.७८ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,४१,१४,७२,४४५ | **पूँजीगत खर्च** | १८,६५,८९,४२५.३७ |
| **राजश्व बाँडफाँट** | ७,४४,१३,३७८.९४ | **वित्तीय/अन्य व्यवस्था** | ६,४७,४१,७९८ |
| **आन्तरिक आय** | १,८६,८९,९५८.६१ | | |
| **अन्य आय** | ७,२०,४१,६३६ | | |
| **कुल आय** | ४,८६,६८,७०,२२३.७२ | **कुल खर्च** | ४९,७२,९५,२१२.१५ |
| **बाँकी मौज्दात** | | ६,१५,४३,१३७.३७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

**कार्यालय र स्थानः जिरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय ,दोलखा आर्थिक बर्षः ०७७।७८**

| kb | gfd | sfo{/t cjlw | | a]?h" /sd |
|---|---|---|---|---|
| | | b]lv | ;Dd | |
| sfof{no k\|d'v | प्र.प्र.अ. श्री शिवप्रसाद रिजाल | २०७७/४/१ | २०७७/०६/०९ | ८०६४६४१८ |
| | प्र.प्र.अ. श्री अर्जुन गौतम | २०७७/६/२१ | २०७७/१२/११ | |
| | प्र.प्र.अ. श्री जगदिशचन्द्र शिवाकोटी | २०७७/१२/११ | २०७८/०३/३१ | |
| लेखाप्रमुख | ले.अ. छैटौं श्री महेश्वर प्रसाद अधिकारी | २०७७/४/१ | २०७८/०३/३१ | |

**परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, २२१।२५वर्ग किलोमिटर क्षेत्रफल तथा १५ हजार ५१५ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तिय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ ।

| प्राप्तीभुक्तानी हिसाव | | | |
|---|---|---|---|
| विवरण | यस वर्ष रु. | | |
| | बजेट | आफैले गरेको भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | **५०,८९,३७,७१८.६६** | **४४,३२,८१,३७४.८५** | **४४,३२,८१,३७४.८५** |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | **४९,४६,४९,२१०** | **४२,७४,७०,८६७.१७** | **४२,७४,७०,८६७.१७** |
| ११००० कर | ८,३९,६९,२१० | ७,४४,१३,३७८.९४ | ७,४४,१३,३७८.९४ |
| १३००० अनुदान | ३९,००,६०,००० | ३३,४३,६७,५२९.६२ | ३३,४३,६७,५२९.६२ |
| संघीय सरकार | ३३,२१,४८,००० | २९,०२,५२,८०५.१७ | २९,०२,५२,८०५.१७ |
| प्रदेश सरकार | ५,७९,१२,००० | ४,४१,१४,७२४.४५ | ४,४१,१४,७२४.४५ |
| १४००० अन्यराजस्व | ५५,२०,००० | ३३,०५,१९९.६१ | ३३,०५,१९९.६१ |
| १५००० विविधप्राप्ति | १,००,००० | २,९१,३२५ | २,९१,३२५ |
| ३३००० दायित्व | १,५०,००,००० | १,५०,९३,४३४ | १,५०,९३,४३४ |
| **ख. अन्यप्राप्ति** | **१,४२,८८,५०८.६६** | **१,५८,१०,५०७.६८** | **१,५८,१०,५०७.६८** |
| वितरण गर्नबाकी राजस्व | ० | ० | ० |
| कोषहरु | १,४२,८८,५०८.६६ | १,२३,२८,५०८.६६ | १,२३,२८,५०८.६६ |
| धरौटी | ० | ३४,८१,९९९.०२ | ३४,८१,९९९.०२ |
| संघीय, प्रदेशसरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५५,४०,३७,७१८.६६ | ४४,१०,६४,०८३.७८ | ४४,१०,६४,०८३.७८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५३,९७,४९,२१० | ४३,२५,५३,४१४.१५ | ४३,२५,५३,४१४.१५ |
| २१००० पारिश्रमिक / सुविधा | ८,६५,१८,५०० | ७,०६,९८,४४२.९० | ७,०६,९८,४४२.९० |
| २२००० मालसामान तथा सेवाको उपयोग | २२,२१,८३,५०० | १६,७४,६०,२६५.११ | १६,७४,६०,२६५.११ |
| २५००० सहायता (Subsidy) | ५,००,००० | २५,००० | २५,००० |
| २६००० अनुदान | ६९,२९,००० | ४४,६६,८८० | ४४,६६,८८० |
| २७००० सामाजिक सुरक्षा | ४२,००,००० | २३,९१,२७१ | २३,९१,२७१ |
| २८००० अन्य खर्च | १४,५०,००० | ९,२२,१२९.७७ | ९,२२,१२९.७७ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २१,७९,६८,२१० | १८,६५,८९,४२५.३७ | १८,६५,८९,४२५.३७ |
| घ. अन्यभूक्तानी | १,४२,८८,५०८.६६ | ८५,१०,६६९.६३ | ८५,१०,६६९.६३ |
| कोषहरु | १,४२,८८,५०८.६६ | ७३,२५,२६७.५३ | ७३,२५,२६७.५३ |
| धरौटी | ० | ११,८५,४०२.१० | ११,८५,४०२.१० |
| संघीय, प्रदेशसरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| ङ. यो वर्षकोबचत (न्युन) | (४,५१,००,०००) | २२,१७,२९१.०७ | २२,१७,२९१.०७ |


https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| च. गतवर्षकोजिम्मेवारी रकम (अ.ल्या) | | ५,९३,२५,८४६.३० | ५,९३,२५,८४६.३० |
| वर्षान्तकोबाकी रकम (ङ + च) | (४,५१,००,०००) | ६,१५,४३,१३७.३७ | ६,१५,४३,१३७.३७ |
| बैंक तथा नगदबाकी | | ६,१५,४३,१३७.३७ | ६,१५,४३,१३७.३७ |

नगरपालिकाले पेश गरेको वित्तीय प्रतिवेदनमा समावेश नभएको अन्य खर्च शिर्षक बैंक नगदी किताब र कोष तथा लेखा नियन्त्रक कार्यालय, दोलखाद्धारा प्रमाणित आर्थिक विवरण अनुसारको आधारमा देहायबमोजिम रहेको पाइयो ।

| सि.नं. | खर्च शिर्षक | निकासा | खर्च रकम | बाकी मौज्दात |
|---|---|---|---|---|
| १ | स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ३४१०००० | ३४१०००० | ० |
| २ | प्रदेश पूर्वाधार विकास कार्यक्रम | ३९२४१२१।२५ | ३९२४१२१।२५ | ० |
| ३ | सामाजिक सुरक्षाँ तथा संरक्षण | ४८१९१०८८ | ४८१९१०८८ | ० |
| ४ | राष्ट्रिय सुचना व्यवस्थापन तथा अनुगमन आयोजना | १५९९२० | १५९९२० | ० |
| ५ | गरिबसंग विश्वेश्वर कार्यक्रम | ५४६००० | ५४६००० | ० |
| | **जम्मा** | **५६२३११२९** | **५६२३११२९** | **०** |

उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता व्यवस्थापन प्रतिनिधित्व पत्र एंव आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेत लाई आधार मानी लेखापरीक्षण ऐन 2075 को लेखापरीक्षणका अन्तराष्ट्रिय मापदण्ड र मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण गर्न सकिने व्यवस्था अनुसार र स्वीकृतत लेखापरीक्षण योजना बमोजिम नमुना छनौटको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा देखिएका व्यहोरा सम्वन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीसँग मिति २०७८।०६।१५ मा छलफल भएको छ ।सारभुत रुपमा उल्लेखनिय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । छलफलबाट कायम भएका व्यहोराहरु निम्नानुसार छन् ।

२

**पेश्की**

पेश्कीः पालिकाले पेश गरेको वित्तिय प्रतिवेदन मलेप फा नं. २७२ को अनुसुचि २३ र सो को अभिलेख अनुसार नगरपालिकाको कुल हालसम्मको पेश्की बाँकी रु. १,४५,१४,३२२.३३ देखिएको छ। उक्त बाँकी पेश्की मध्ये म्याद ननाघेको पेश्की रु ९५,५४,३२२.३३ र म्याद नाघेको पेश्की रु४९,६०,००० देखिन्छ। मिति २०७७।१०।९ बाट लागु भएको अर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ वमोजिम म्याद ननाघेको चालु आ.ब. देहाय बमोजिमको फछ्यौट हुन बाँकी मोबिलाइजेसन पेश्की रु. ९५,५४,३२२.३३ देखिन्छ।

| क्र स | पेश्कीको प्रकार | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| 1 | मोबिलाइजेसन | ए.टी. कन्स्ट्रक्सन | ६,५४,३२२.३३ |
| २ | मोबिलाइजेसन | भ्याली जे.जे. पी. एम. के. जे. भी. | ६७,००,००० |
| ३ | मोबिलाइजेसन | सोवर्ण एस.के.जे.भी. | २२,००,००० |
| | | जम्मा | ९५,५४,३२२.३३ |

३

**वित्तीय विश्लेषण**

स्थानीय सरकार सञ्चालन ऐन,2074 को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

क) प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु५७३८९६७९५ र गत वर्षको मौज्दात रु.१३,९५,२०,८३६ समेत जम्मा आय रु. ७१३४१७६३१ र कुल भुक्तानी रु.५०४२०४९८८।२१ भइ रु२०९२१२६४२।८८ वर्षान्तमा बाकी देखिन्छ ।

ख) प्राप्त वितीय विवरणको अनुसुची २४ मा बैक कारोवारमा बर्षान्तको बाकी रु. २०९२१२६४२।८८ र अनुसुची २४ अनुसारको नगद तथा बैक बाकी रु.२१२३२०३०५।२८ भई बैक रु.३१०७६६२।४ ले बढी देखिएको वितीय विवरणले देखाउदछ ।

ग) प्राप्त वितीय विवरणको अनुसुची २४ मा खाता अनुसार देखाएको बैक तथा नगद बाकी रु.६,१५,४३,१३७.३७ मध्ये रु. (१०,६०,६४५) बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता] र रु ६०,६४५बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता] बैक कारोवारमा भिन्नता भन्ने उल्लेख छ ।यस सम्वन्धमा पुष्ट्र्याई प्राप्त नभएकोले हिसाव एकिन हुनु प्रर्दछ ।
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

४

**वितीय विश्लेषण**

४.१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने एंव सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ ।


https://nams.oag.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| ४.२ | | | | स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १०२२६६००० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ५,९३,२५,८४६.३ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४२९४०१५३।७ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएकोमा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ३०५३७५५१।७ मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । बाँकी रकमको प्रमाण पेश गर्नुपर्ने रु | १२,४०२,६०२ |
| ४.३ | | | | नगरपालिकाले बैंक हिसाब मिलान नगरेको कारण स्रेस्ता र बैङ्क मौज्दातमा रु५२१०६४५ फरक देखिएको छ । पालिकाको स्थानीय तह संचित कोष खातामा श्रेस्ता अनुसार रु ५,२५,४३,७४७.५८ देखिएकोमा बैंक स्टेटमेन्ट अनुसार रु४७४८३१०२।५८ देखिएकोमा रु ५०६०६४५ ले बैंक घटी देखिएको छ ।त्यस्तै गरी स्थानीय तह प्रकोप व्यवस्थापन<br>कोष खातामा श्रेष्ताअनुसार रु ३०,१३,३३६.६३ देखिएकोमा बैक स्टेटमेन्ट अनुसार रु २८६३३३६।६३ देखिइ रु १५००००ले बैंक घटी देखिएको छ ।<br>समग्रमा बैंक मौज्दात<br>स्रेस्ता भन्दा रु४७०१६५२६।९ ले बढी देखाएतापनि स्रेस्ता भन्दा बैंक मौज्दात घटी देखाएको रु५२१०६४५ को बैंक हिसाब विवरण तयार गरी यकिन गर्नुपर्नेमा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ५२१०६४५ मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| ४.४ | | | | स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | ग १.१, आन्तरिक राजस्व खाता | ० | ५००० | ५००० |
| २ | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ६८९३३४।२३ | ६८९३३४।२३ |
| ३ | ग १.३, आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ४ | ग १.५.३, आन्तरिक ऋण प्राप्ति खाता | ० | ० | ० |
| ५ | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ३८८७३७४२।६१ | ३८८७३७४२।६१ |
| ६ | ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ११५७९९२५।७२ | ११५७९९२५।७२ |
| ७ | ग २.७, विविध खर्च खाता | १९,८९,९०४.५० | २०६९०७३।८६ | ७९१६९।३६ |
| ८ | ग ३.१, स्थानीय तह धरौटी खाता | ४९,९६,१४८.६६ | ४९९६१४८।६६ | ० |
| ९ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ५,२५,४३,७४७.५८ | ४७४८३१०२।५८ | -५०६०६४५ |
| १० | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३०,१३,३३६.६३ | २८६३३३६।६३ | -१५०००० |
| ११ | बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता] | (१०,६०,६४५) | | |
| १२ | बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता] | ६०,६४५ | | |
| | जम्मा | ६,१५,४३,१३७.३७ | १०८५५९६६४।२९ | ४७०१६५२६।९ |

५

**बजेट पेश तथा पारित**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री कृष्णमाया बुढाथोकीले २०७७।०३।१० गते रु. ५१करोड ३० लाख ०१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ६ | | | **चौमासिक पुजिगत खर्चको**<br><br>चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूंजीगत | २,३३,४४,१६१.२ | ० | १,२०,९०,०९५.३९ | १,१२,५४,०६५.८२ | ६०,४०,५४०.८ |
| जिरी नगर कार्यपालिका पूंजीगत | १४,६२,४६,५४३.१६ | १,३८,१३,०२२ | ६,४०,६२,९८४.४३ | ६,८३,७०,५३६.७३ | ३,३२,९१,९९८.८ |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पूंजीगत | १,६९,९८,७२१ | २९,०९,३१६ | ६१,६८,१२३ | ७९,२१,२८२ | ३४,५७,२९६ |
| कूल खर्च: | १८,६५,८९,४२५.३७ | १,६७,२२,३३८ | ८,२३,२१,२०२.८२ | ८,७५,४५,८८४.५५ | ४,२७,८९,८३५.६२ |
| खर्च प्रतिशत | १०० | ८।९६ | ४४।११ | ४६।९२ | २२।९३ |

| | | | | |
|---|---|---|---|---|
| ७ | | | **समन्वय**<br>नगरपालिकाले आफ्नो वार्षिक कार्यक्रम संघीय सरकार र प्रदेश वा निकायलाई र संघीय सरकार र प्रदेश सरकारका निकायबाट गाउँपालिका भित्र गरिने कार्यको जानकारी गाउँपालिकालाई जानकारी गराई समन्वयात्मक किसिमले कार्य गर्ने संयन्त्रको विकास गर्नुपर्दछ। | |
| ८ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |


https://nams.oag.gov.np

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३,५९,००,००० | १,७७,३२,०५६.२० | ४।०९ |
| सामाजिक क्षेत्र | १८,१०,६८,००० | १५,४१,९०,८४१.७५ | ३५।६४ |
| पूर्वाधार विकास क्षेत्र | १९,२५,८३,२१० | १६,४३,०६,६३०.९८ | ३७।९८ |
| वातावरण तथा विपद् व्यवस्थापन | ० | ० | ० |
| संस्थागत विकास र सेवा प्रवाह | ० | ० | ० |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,२८,६६,००० | १,६५,३६,२४९.९९ | ३।८२ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १०,७३,३२,००० | ७,९७,८७,६३५.२३ | १८।४४ |
| जम्मा | ५३,९७,४९,२१० | ४३,२५,५३,४१४.१५ | १०० |

उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा ३७।९८ प्रतिशत, सामाजिक विकासमा ३५।६४ प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिकमा १८।४४ प्रतिशत, आर्थिक विकास तर्फ ४।०९ प्रतिशत, र वित्तिय व्यवस्थापन र सुशासन तर्फ ३।८२ प्रतिशत मात्र रहेको देखियो ।अत: आर्थिक विकास, संस्थागत विकास तथा सेवा प्रवाह तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो। साथै वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास र सेवा प्रवाहमा बजेट विनियोजन नगरेकोले सो क्षेत्रलाइ समेत समेट्नु पर्ने देखिन्छ ।

९

**रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । पालिकाले नगरसभाको २०७७।१०।१७ को निर्णयबाट कार्यक्रम संसोधन स्वीकृत गरि रु२६७४९५०० खर्च गरेको पाईयो जसका केही उदाहरणहरु निम्नानुसार रहेका छन। बजेट तर्जुमा प्रक्रिया प्रभावकारी बनाईनुपर्दछ ।

| सिन | मौजुदा कार्यक्रम | रकम | परिवर्तित कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | बजिनी खानेपानि योजना | २,५०,००० | प्रधानमन्त्री रोजगार कार्यक्रमहरु | ३०,००,००० |
| २ | विपद् ब्यवस्थापन | ५०,००० | UNDP सँगको साझेदारी | २१,००,००० |
| ३ | विपद् व्यवस्थापन सम्वन्धी तालिम तथा गोष्ठी | २,००,००० | बेठीश्वारा खानेपानि मर्मत योजना | १,००,००० |
| ४ | कार्यक्रम अनुगमन | ५०,००० | जिरी बुद्धिष्ट कलेज १ | ५,००,००० |
| ५ | जलधार संरक्षण | ३,००,००० | खेलकुद सहभागिता तथा प्रवर्धन | १,००,००० |
| ६ | विपद् ब्यवस्थापन तथा कोरोना प्रतिकार्य | १३,४०,००० | कर्मचारी प्रोत्साहन तथा पुरस्कार-१ | १,२५,००० |
| ७ | प्राकृतिक प्रकोप राहत प्याकेज सहयोग | २,००,००० | वडा कार्यालय समेतको भवन निर्माण-१ | २५,००,००० |
| ८ | बेठीश्वारा सडक स्तरोन्नती योजना | १,००,००० | भीमबहादुर प्रतिष्ठान | ९,००,००० |
| ९ | सफल उद्यमीसँग उद्यम गर्न चाहने युवाहरुको अन्तक्रिया | ५०,००० | मागमा आधारीत कार्यक्रम | १,५०,००० |
| १० | कृषक भ्रमण तथा गोष्ठी (अन्तर जिल्ला भ्रमण) | २,५०,००० | जिरी बुद्धिष्ट कलेज | ५,००,००० |
| ११ | नर्सरी व्यवस्थापन | १,६०,००० | मिनिटिलर खरिद ९ थान | ५,००,००० |
| १२ | जैविक मल निर्माण तथा तालिम सामाग्री | ३,००,००० | प्रधानमन्त्री रोजगार कार्यक्रमहरु | ३०,००,००० |
| १३ | निगाले-नेपाने-बजेनी-८ नं. वडा कार्यालय सडकको लागि म्याचिङ्ग | २५,००,००० | सवारी साधन मर्मत खर्च-१ | ३,००,००० |
| १४ | भीमबहादुर प्रतिष्ठान | ९,००,००० | खेलकुद सामाग्री खरिद | ४,४०,००० |
| १५ | कर्मचारी तालिम खर्च | ३,००,००० | भित्री देवीथान मन्दिर मर्मत | ३,५०,००० |
| १६ | प्रगतिशिल महिला समूह अन्तरगत गुन्द्रुक उत्पादन गर्नका लागि आवश्यक सामाग्री खरिद गर्न | १,००,००० | किवी विरुवा खरिद | ४,००,००० |
| १७ | मौरी घार वितरण कार्यक्रम ५०% अनुदानमा वितरण | ४,००,००० | सवारी साधन मर्मत खर्च | ७,००,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १८ | निरीक्षण अनुगमन | ८६,५०० | वडा कार्यालय समेतको भवन निर्माण-२ | ५,००,००० |
| १९ | जिरी बुद्धिष्ट कलेज | ५,००,००० | वडा कार्यालय समेत भवन निर्माण1.1 | २५,००,००० |
| २० | रातमाटे-पटासे सडक | १४,९९,००० | UNDP सँगको साझेदारी | २१,००,००० |
| २१ | प्लाष्टिक झोला विस्थापित | २,५०,००० | विद्यालय कर्मचारीको पारीश्रमिक | ८६,५०० |
| २२ | देउराली होसिङ्ग खानेपानी योजना | ३,५०,००० | सुन्ट्याक प्रतिक्षालय निर्माण | ५०,००० |
| २३ | कुथामे-घुन्सा सडकको लागि म्याचिङ्ग | ३०,००,००० | सिल्पौलिन प्लास्टिक खरिद २०० थान | ४,००,००० |
| २४ | UNDP सँगको साझेदारी | २१,००,००० | बजिनी शिव मन्दिर | २,५०,००० |
| २५ | बाली बिमा ५०% अनुदान कार्यक्रम | १,००,००० | रातमाटे-पटासे सडक | १४,९९,००० |
| २६ | वडा कार्यालय समेतको भवन निर्माण-१ | २५,००,००० | आ व २०७६/७७ मा ठेक्का वन्दोबस्त भएको रातमाटे पटासे सडक | १४,९९,००० |
| २७ | रकम थप भइ आएमा सञ्चालन हुने योजना | ४१,८९,००० | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (खेलकुद कार्यक्रम व्यवस्थापन तथा संचालन खर्च) | २,००,००० |
| २८ | वडा कार्यालय रातमाटे सडक निर्माण योजना | ३,००,००० | रुप्सेखोला रातमाटे खानेपानी ट्याङ्की निर्माण | २,००,००० |
| २९ | वडा कार्यालय समेतको भवन निर्माण-२ | ५,००,००० | घरभाडा-१ | २,००,००० |
| ३० | प्रधानमन्त्री रोजगार कार्यक्रमहरु | ३०,००,००० | भीमबहादुर प्रतिष्ठान १ | ९,००,००० |
| ३१ | कृषि मेला प्रद्र्धशनी कार्यक्रम | २,००,००० | प्रगतिशिल महिला समुह आलु उत्पादन सामाग्री खरिद | १,००,००० |
| ३२ | सामुदायिक कुकुर व्यबस्थापन कार्यक्रम | १,५०,००० | वडा कार्यालय समेतको भवन निर्माण २ | ५,००,००० |
| ३३ | घर बगैचा सुधार १ दिने घुम्ति तालिम जिरी नगरपालिका १-९ | १,५०,००० | राममाटे जम्दाक सडक स्तरोन्नती | १,००,००० |
| ३४ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ३,२५,००० | —- | –- |
| | जम्मा | २,६७,४९,५०० | जम्मा | २,६७,४९,५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | | | **पदपूर्ति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न दरबन्दी भित्रका कर्मचारी समेत विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु.१७२००००० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न दरबन्दी भित्रका रिक्त पदमा तथा विभिन्न कार्यक्रम संचालनका लागि करारमा नियुक्त गरिएको विभिन्न पदमा ६२ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१०००९३२० भुक्तानी गरेको देखिएको | |
| ११ | | | **सेवा प्रवाह**<br>प्रवाह लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार आ.ब. ०७७।७८ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ । | |

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ३६५ | ३५८ |
| २ | घरबाटो सिफारिस | १९७ | १९४ |
| ३ | नाता प्रमाणित | ३४१ | ३३९ |
| ४ | जन्म, मृत्यु दर्ता | ५२० | ५१० |
| ५ | अन्य | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| १२ | | | **योजना छनौट तथा संचालन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | २४ | १२१३००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | १०७ | २५९३३००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ३० | २२७७०५०० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | २६ | ४७९१७८१६ |
| ५ | ५० लाख भन्दा माथीका | ० | ० |
|  | जम्मा | १८७ | ९७८३४३१६ |

१३

**आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १० ऐन, ५ नियमावली, २७ कार्यविधि १ निर्देशिका र ४ नर्म्स समेत ४७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.१८७१०३५०।८६ खर्च लेखेको पाईयो ।

• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४ **खर्च विश्लेषण**

| | | | | |
|---|---|---|---|---|
| | | | कोलेनिकाद्धारा प्रमाणित आर्थिक विवरण अनुसार पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु ६७,८४,७२५.२७, राजस्व बाँडफाँडबाट रु ७,६२,८५,७५४.५ र अनुदानबाट संघीय तर्फ रु३५०४३८६५६ र प्रदेशतर्फ ५७९१२००० समेत रु४९१४२१३३५।७७आम्दानी भएकोमा चालुखर्चतर्फ रु २४,५९,६३,९८८.७८ र पूँजिगत तर्फ रु -१८,६५,८९,४२५.३ , गरी कुल रु ४३२५५३४१४।०८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।१५६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु९३०७५०५ खर्च भएको छ जुन आन्तरिक आयको-१३७।१८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६।८६ प्रतिशत चालु र ४३।१३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। | |
| १५ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको निय मितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १६ | | | **वहाल कर**<br>ना.पा को वार्षिक स्वीकृत कार्यक्रम अनुसार न.पा अन्तर्गतका कृषकहरुलाइ जै घास खरिद गरि वितरण गर्नेको लागि पशु चिकित्सक श्री पदम बहादुर जिरेलले लिएको पेस्की फछ्र्योट गर्दा गो भौ नं ४१०-०७७/११/१२ बाट कृष्ण कुमार खत्रीको बा १४ च ७४८५ गाडी भाडा ३०,००० भुक्तानी गर्दा नियामानुसार १०% वाहाल कर कटी नभएको रु ३०००/- | ३,००० |
| १७ | | | **भ्याट विल**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम कार्यालयले बिल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले युनिक आइडल अटोमोबाईल्स प्रा.लि. बाट सवारी मर्मत सम्भार खर्च भौचरन न १७६- २०७७।७।२१ मा रु ४४९३५ भुक्तानी भएको छ । सम्बन्धित कम्पनीले जारी गरेको भ्याट बिल संलग्न नगरी भुक्तानी भएको मा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 44935 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| १८ | | | **शिर्षक फरक पारी खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, 2074को दफा 73 मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक बाहिर खर्च गर्न नपाउने उल्लेख छ । यसरी शीर्षक फरक पारी खर्च लेखेको नियमसंगत नदेखिएकोले नियमित गर्नुपर्नेमा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 629542 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |

| गो.भौ.न/मिति | हुनुपर्ने शिर्षक | भएको शिर्षक | रकम रु |
|---|---|---|---|
| 770-078।03।24 | कार्यालयको सामान | विविध | 99553। |
| 768-078।03।02 | कार्यालयको सामान | विविध | 47611। |
| 775-078।03।26 | सूचना प्रकाशन तथा संचार | अन्य कार्यालय संचालन खर्च | 182003। |
| 785-078।03।28 | कार्यालय सामान | विविध | 80070। |
| 787-078।03।28 | सूचना प्रकाशन | विविध | 20305। |
| ६०९-०७८।३।२ | खेलकुद | बिपद ब्यवस्थापन तथा कोरोना प्रतिकार्य | २०००००। |
| जम्मा | | | ६२९५४२ |

तर कार्यालयले सभाको स्वीकृती विपरीत रु ६२९५४२। बार्षीक रुपमा एक शिर्षकमा विनियोजन गरेको रकम अर्को शिर्षकमा खर्च गरेको पाईयो । यसरी नियममा भएको ब्यवस्था बेगर सभाबाट कार्यक्रम संशोधन तथा परिवर्तन नगरी वितरणमुखी कार्यक्रममा हुने खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **प्रतिवेदन**<br>सडक सी.सी क्यामेरा खरिद गरी भौनं।मिति ७५८।२०७७/०३/२४ बाट रु ४९८३३०/- श्री लुसा ट्रेडर्स प्रा.लि लाइ भुक्तानी गरेको छ ।तर ति सी.सी क्यामेरा कहाँ कहाँ प्रयोग भएका छन् त्यसको त्यसको प्राबिधिक मुल्यकन गरीकार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेमा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु498330 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| २० | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले उपचार तथा प्रकोप पीडित सहयोग प्रयोजनको लागि यो वर्ष १० व्यक्ति एवं संघ संस्थालाई रु.९५००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २१ | | | **न्याय सम्पादन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ० र यो बर्ष थप भएको ३८ गरी कुल ३८ विवाद दर्ता भएकोमा ३६ वटा मात्र फछ्र्यौट भई ०२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| २२ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. ६,९८,६२७ र विविध कार्यक्रम खर्चतर्फ रु३,३९,१५० गरी कुल १०३७७७७ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २३ | | | **प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून बनाई यो बर्ष प्र.प्र. अ तथा प्राविधिक तहको कर्मचारीलाई २५ प्रतिशत, वडा सचिवहरुलाई मासिक रु२५०० र नगरक्षेत्रका स्थायी कर्मचारीहरुलाई रु३५००/३००० का दरले भुक्तानी गरी रु११८७९४०।०६ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। | |
| २४ | | | **कृषि अनुदान**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा<br>अनुगमन गर्नुपर्दछ ।<br>तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेका छन ।<br>तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान<br>सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने<br>अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २५ | | | **अनुत्पादक प्रयोजन**<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा<br>रु.९९६८२० खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| सि.नं. | प्रयोजन | रकम |
|---|---|---|
| १ | जिरी खुला फिड रेटीङप्रतियोगिता तथा राम्रो जिरी जिरी राम्रो डिजिटल फोटो प्रतियोगिता | 200000। |
| २ | ब्याटमिन्टन प्रतियोगिता | 100000। |
| ३ | अण्डर १४ फुटबल प्रतियोगिता | 200000। |
| ४ | राष्ट्रपति रनिङ शिल्ड | 496820। |
| | जम्मा | ९९६८२० |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **पारिश्रमिक कर**<br>न.पा र नगर स्तरीय महिला मंच विच भएको सम्झौता अनुसार मिति २०७७/१०/०४ देखि २०७७/११/१८ सम्म संचालन भएको होजियारी तालिममा भौनं।मिति ५००।२०७७/१२/१० बाट भुक्तानी भएकोमा तालिम प्रशिक्षकको पारिश्रमिक कर कटी नभएको रु | १,१७० |

| प्रशिक्षक नाम | जम्मा भुक्तानी | कर |
|---|---|---|
| चन्द्र लक्ष्मी प्रजापति | ५८५०० | ५८५ |
| सुन्तली डंगोल | ५८५०० | ५८५ |
| जम्मा | | ११७० |

| | | | | |
|---|---|---|---|---|
| २७ | | | **रकम फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । | |

| विवरण | संघीय सरकारबाट | प्रदेश सरकारबाट | जम्मा प्राप्त रु | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १३३११ समानिकरण अनुदान | १०,६४,१२,८०५ | ९९,८३,००० | ११,६३,९५,८०५ | ११,६३,९५,८०५ | ० |
| १३३१२ शसर्त अनुदान चालु | १६,८५,७८,५३०.०९ | २,५६,७७,८७१.४५ | १९,४२,५६,४०१.५४ | १९५४२५२४७।५४ | (११,६८,८४६) |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३३,६८,८४६ | ० | ३३,६८,८४६ | २२००००० | ११,६८,८४६ |
| १३३१६ समपुरक अनुदान चालु | १,१९,०५,४२९.०८ | ८४,५३,८५३ | २,०३,५९,२८२.०८ | २,०३,५९,२८२.०८ | ० |
| १३३१८ अन्य अनुदान चालु | १०,००,००० | ० | १०,००,००० | ० | १०,००,००० |
| जम्मा | २९,१२,६५,६१०.१७ | ४,४१,१४,७२४.४५ | ३३,५३,८०,३३४.६२ | ३३४३८०३३४।६२ | १०,००,००० |

पालिकाको भनाईः फिर्ता गर्न वा समायोजन गर्न वाकी अनुसुचि २१ को १३३१८ अन्य अनुदान चालु विवरणमा उल्लेख भएको रु १०००००० नेपाल सरकार बाट कोभिड १९ नियन्त्रण तथा व्यवस्थापनको लागि सिधै संचित कोष खातामा रकम जम्मा हुन आएको मा उक्त रकम संचित कोषमा आम्दानी

बाँधिएको तर संचित कोष खाता बाट सो रकम विपद् व्यवस्थापन खाता मा फिर्ता गर्न सिस्टमबाट नमिलेको हुदाँ उक्त रकम संचित कोष खाता मै रहेको हो ।
सो रकम फिर्ता गर्नु पर्ने रकम नभएको चालु आ व ०७८/७९ मा उक्त रकम लाइ संचित कोष खाताबाट विपद् व्यवस्थापन कोष खातामा म्यानुअल्ली ट्रान्सफर गरी कोरोना प्रतिकार्यको लागि खर्च गरीने व्यहोरा प्राप्त भयो ।

२८

**विल भरपाई**

जिरी न.पा नगर शिक्षा योजना अन्तर्गत MGML कक्षा संचालन को लागि स्टेशनरी व्यबस्थापन गर्ने निम्न बिद्यालयलाई भौनं।मिति ६७६।२०७७/३/२१ बाट रु
५००००० को दरले अनुदान दिएकोमा बिधालयले सो शर्षकमा भएका खर्च सम्बन्धी बिलभरपाई हरु पेश नभएकोमा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु400000 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।

| क्र.स | बिद्यालयको नाम | रकम |
|---|---|---|
| १ | सेतीदेवी प्रा.वि श्यामा | ५०००० |
| 2 | देउराली प्रा.लि छागो | ५०००० |
| 3 | फुजीङ् प्रा.वि | ५०००० |
| 4 | जिरेश्वरी प्रा.वि | ५०००० |
| 5 | सेरोल्पा प्रा.वि | ५०००० |
| 6 | देउराली प्रा.वि हि.ले प्रा.वि | ५०००० |
| 7 | माथिल्लो शिक्री प्रा.वि | ५०००० |
| 8 | ठुलोचौर प्रा.वि | ५०००० |
| जम्मा | | ४००००० |

२९

**आय अनुमान र असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर
र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । नगरपालिकाको ०७७।७८ मा संचित कोष खातामा कुल आन्तरिक आम्दानी रु७७७१८५७८।५५
रहेको छ जसमध्ये बाडफाड बापत प्राप्त आम्दानी रकम रु७१२२५१७८।२८ र बाडफाडबापत प्राप्त बाहेकको आम्दानी रु६४९३४००।२७ गरेको देखिन्छ ।
ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | असुली प्रतिशत |
|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | १५,००,००० | ४,३२,७४७.६६ | |
| ११३१४ भुमिकर/मालपोत | १२,००,००० | २४,३२,३१४.११ | |
| ११३२१ घरवहाल कर | ४,००,००० | १४,५६६ | |
| ११३२२ वहाल विटौरी कर | ७०,००० | ३,०८,५७२.८९ | |
| ११६९१ अन्य कर | १,१०,००० | ० | |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | १४,३०,००० | ० | |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ३,००,००० | १,४९,५७० | |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ६०,००० | ७१,३०० | |
| १४२२१ न्यायिक दस्तूर | १०,००० | ० | |
| १४२२४ परीक्षा शुल्क | १,००,००० | ० | |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २,१०,००० | ५२,१०० | |
| १४२४२ नक्सापास दस्तुर | ४,५०,००० | ६,१३,१७८.३२ | |
| १४२४३ सिफारिश दस्तुर | १४,००,००० | ७,८५,३४४ | |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १,००,००० | ६१,१५० | |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३,१०,००० | १,२६,६०० | |
| १४२४९ अन्य दस्तुर | ७,१०,००० | २,०२,७४४ | |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ३९,०५० | |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १०,००० | ० | |

| | | |
|---|---|---|
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | ३,५१,६८७.३७ |
| १४५२९ अन्य राजस्व | ४,३०,००० | ८,५२,४७५.९२ |

| राजश्व शीर्षक | अनुमान | आम्दानी | असुली प्रतिशत |
|---|---|---|---|
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६,७१,८९,२१० | ५,४७,१६,१३७.७७ | |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,२०,००,००० | १,४०,९१,२५२.५२ | |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १५,००,००० | २४,१७,७८७.९९ | |
| जम्मा बाडफाडबाट प्राप्त राजश्व | ८०६८९२१० | ७१२२५१७८।२८ | ८८।२७ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

३० **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यस आर्थिक वर्षमा व्यवसाय रजिष्ट्रेसन दस्तुर संकलन गर्ने लक्ष्य नलिएता पनि रु३९०५० संकलन भएको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३१ **कर समायोजन प्रमाण** १२४,९७८.८९

आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. १२४९७८।८९कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|
| २२।०७७।१०।२७ | निरिजा मेडिको सप्लायर्स | १३११८३ | १७०५३।७९ | ८५२६।८९ |
| ३०।०७८।१।६ | सनस्टार मल्टिप्रपोज | ३२६९९४ | २५१९४ | १२५९७ |
| 385-077।10।27 | निरिजमा मेडिको सप्लायर्स | २२२४३१ | 28916 | 14458 |
| 487-077।12।09 | गौरी शंकर प्रेसलीङ्ग प्रा.लि | 244260 | 31753 | 15876 |
| 585-078।02।27 | सन्तोष अर्डर एण्ड सप्लायर्स | 439823 | 57176 | 28588 |
| 620-078।03।05 | अतिथि फर्मा एण्ड ट्रेड प्रा.लि | 691289 | 89867 | 44933 |
|  | जम्मा | २०५५९८० | २४९९५९।७९ | १२४९७८।८९ |

३२

**धरौटी**

आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६८ मा प्रत्येक कार्यलय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा रकमको कारोवारको लेखा अनुसुची १० वमोजीमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसुची ११ वमोजीम ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावद्यिक गरी राख्नुपर्ने एवं धरौटी रकमको छुट्टै बैक नगदी कितााव समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नुपर्ने उल्लेख छ । कार्यालयले धरौटी कारोवारको व्यक्तिगत धरौटी खाता र बैक नगदी कितावको अभिलेख राखेको पाइएन । धरौटी तर्फ गतवर्षको अल्या रु२६९९५५१।७४ र यस वर्ष थप रु३४८१९९९।०२ प्राप्त भएकोमा यो वर्ष रु ११४५९०२।१० धरौटी फिर्ता र रु३९५०० सदरस्याहा भइ रु४९९६१४८।६६ बाकी रहेको देखिन्छ ।

३३

**वडा गत राजश्व संकलन**

नगरपालिकापालिको विभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।

| वडा नं. | गएको ठेली नगदी/ मालपोत | बुझिलिने नाम | फिर्ता आएको ठेली | नगदी रसिद आम्दानी | मालपोत रसिद आम्दानी | जम्मा रकम | बैंक दाखिला | बेंक दाखिला मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ढकराज ढुंगाना | ४ | ९३५७८ | | ९३५७८ | ९४०३० | महिनाको अन्तिम दिन |
| २ | ७ | ढकराज ढुंगाना | ७ | १४६००० | | १४६००० | १४५८०० | |
| 3 | ८ | कृष्ण गोपाल खड्का | ८ | २१५८०० | | २१५८०० | २१५८५० | |
| ४ | ५ | सृजना सुवेदी | ५ | १७३७५० | | १७३७५० | १७३७५० | |
| ५ | ५ | सानुमैया खड्का | ५ | १२२४९४ | | १२२४९४ | १२२४४१ | |
| ६ | ९ | विरेश ब जिरेल | ९ | १५००४० | | १५००४० | १५००९० | |
| ७ | ६ | तुलसा खनाल | ६ | १२७००० | | १२७००० | १२७००० | |
| ८ | ८ | चन्द्र ब जिरेल | ८ | १९५१३० | | १९५१३० | १९५१८० | |
| ९ | ७ | अनिता कार्की | ७ | १३३८२० | | १३३८२० | १३६७२० | |

क) आन्तरीक आयमा प्रयोग हुने रसिदहरुको छपाई, आम्दानी, खर्च र बांकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता ब्यवस्थित गरि राखेको पाइएन ।

ख) गत आ.व.मा छपाई भएका नगदि रसिदहरु समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक गरेको पाईएन ।

३४ **राजस्व को अन्य पक्ष**

३४.१ क) परामर्श समितिः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ।

उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवस्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवस्यक

परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको

अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ख) राजश्व अभिलेखः नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा मा वित्तिय विवरण सम्वन्धी आवस्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश<br>गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्बन्धित आय शिर्षक जनाइ कम्पुमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक<br>दाखिला भौचरको आधारमा म ले प फारम नं. 212 राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं 213 को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ। | |
| ३४.२ | | | रकम ढिला दाखिला गर्ने - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को नियम २८(१) र २८(२) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने र आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाकी रकम र सोको दश प्रतिशतले जरिवाना गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए दश प्रतिशत जरिवाना गरि दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्नेछ भन्ने व्यवस्था रहेको छ । यस स्थानीय तह अन्तरगतका नगरकार्यपालिकाको कार्यालय, वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| ३५ | | | **मनोरन्जन कर**<br>स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । पालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । नियमानुसार उक्त कर उठाउनु पर्दछ । | |
| ३६ | | | **सोझै खरिद**<br>सोझै खरिद – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नमुना छनोटका आधारमा हेर्दा पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएकोमा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 6490833 मिति २०७९।२।२९ मा फछ्र्योट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो | |

| खर्च शीर्षक | गो.भौ.नं।मिति | सप्लायर्स | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| संघीय सशर्त चालु | ७।०७७।६।४ | निर्जिमा मेडिको सप्लायर्स | स्वास्थ्य उपकरण | २५३१२० | कोटेशन |
| | १०३।०७७।१०।७ | युनिसा जेनेरल सप्लायर्स | ल्यापटप | ४७१२१० | |
| | १०६।०७७।१०।१४ | रकी इन्टरप्राइज | ल्यापटप | १२९९५० | |
| | १०७।०७७।१०।१४ | सफ्ट टोनिक ट्रेड लिङ्ग | कम्प्युटरजन्य सामाग्री | १२९९५० | |
| | १६२।०७७।११।२६ | सेविका इन्टरप्राइज | | ४६९११७ | |
| | १६३।०७७।११।२६ | मार्केटिङ्ग लाइन इन्स | | ४९७७०८ | |
| | १९६।०७८।१।६ | अतिथी फर्मा एडं ट्रेडर्स | | ४६९८६५ | |
| | २६८।०७८।३।५ | सन्जु श्री मेडिसिन सप्लायर्स | | ४९९५८१।७२ | |
| | ३७७।०७८।३।२४ | ए.बी.जी.एस सप्लायर्स प्रालि | | ४२३७५० | |
| नपा चालु | 534।077।01।06 | युनिशा जनरल सप्लायर्स | कार्यालय सामान | 99507 | |
| नपा चालु | 648।०७८।0३।09 | रिद्दी जिना इन्टरप्राईजेज | कार्यालय सामान | 290669 | |
| नपा चालु | ३१९।०७७।३।२४ | स्वीट सप्लायर्स | कम्प्युटर र प्रिन्टर खरिद | ५,९९,९९३ | |
| नपा चालु | ७५८।७८।३।२४ | सुला ट्रेडर्स प्रा.लि | सडक सि सि क्यामेरा | ४,९८,३३० | |
| नपा पूजिगत | ४९।०७७।८।१९ | ललित ट्रेडिङ्ग कम्पनी | कम्प्युटर लगायतका मेशिनरि औजार | ३,३०,५२५ | |
| नपा पूजीगत | ११७।२०७७।१०।११ | श्रीमद् सप्लायर्स | ल्यापटप | ३,०६,२३० | |
| संघीय सशर्त चालु | ३७७।७८।३।२४ | ए.बि.जि.एस. सप्लायर्स एण्ड ट्रेडिङ्ग प्रा.लि. | सामाग्री खरिद | ४,२३,७५० | |
| संघीय सशर्त चालु | ७१।०७७।८।१९ | अन्सु इन्टरप्राईजेज | ट्याब खरिद | २,४७,४९८ | |
| संघीय सशर्त चालु | १७२।७७।१२।९ | एन.ए.एम. ट्रेडिङ प्रा.लि. | कम्प्युटर खरिद | ३,५०,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | जम्मा | ६४९०८३३ | | |
| ३७ | | | **उपभोक्ता समितिको विविध पक्ष**<br>क) उपभोक्ता समिति दर्ता — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।<br><br>ख) हेभी इक्विपमेण्टको प्रयोग — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | | | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| भौ न।मिति | देउरुम्बा शहिद पार्क जाने बाटो | सडक निर्माण | १९४०००। | एक्साभेटर | १९३९९८। |
| ६३।२०७७।९।१ | रेन्जे देउरालि डाडा घुन्सा जोड्ने सडक | | १९४०००। | एक्साभेटर | २०३०५०। |
| ९५।२०७७।९।२८ | चेने भस्मे चेल्पे सडक | | ३८८०००। | ब्याकु लोडर | ३९९३८४। |
| ९५।२०७७।९।८ | काप्सा सुर्योदय बाबियो आहाल सडक | | १०६६३१५। | ब्याकु लोडर | ४४२३९५। |
| १०८।२०७७।१०।८ | निगाले आहाल डाडा सडक | | ४८५०००। | एक्साभेटर | ३९१४४०। |
| १२२।२०७७।१०।२४ | देउरुम्बा शहिद पार्क जाने बाटो | | १९४०००। | एक्साभेटर | १९३९९८। |
| १४६।२०७७।११।१२ | भुसुने आहाल डाडा सडक | | ५३३३४७। | एक्साभेटर | ३७००००। |
| १६२।२०७७।११।२३ | लिसे ओलि झाक्रे सडक | | ३८८०००। | एक्साभेटर | ४३३४०८ |
| जम्मा | | | | | २६२७६७३ |

ग) जटिलसंरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| काम | लागत अनुमान | कार्यालयको बिनियोजित बजेट | भुक्तानि रकम |
|---|---|---|---|
| ८ नम्बर वडा कार्यालय भबन निर्माण | ९९७२२४३। | ९००००००। | ४४२१९८४। |
| ६ नम्बर वडा कार्यालय भबन निर्माण | ९७५२२३३। | ९०४००००। | ४५७६२३९। |
| ५ नम्बर वडा कार्यालय भबन निर्माण | ७८६१४७०। | ७०००००। | ४६४७७०२। |

३८ **निर्माण कार्य**

| | | | | |
|---|---|---|---|---|
| | | | क) विमा :- सार्वजनिक खरिद नियमावली 2064 को नियम 112 मा भएको व्यवस्था अनुसार रु 10 लाख भन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायी तथा कामको सुरक्षाको लागि निर्माण गरिने काम , कामदार , उपकरण र तेस्रो पक्ष को विमा गर्नुपर्ने व्यवस्था भएकोमा कुनै पनि योजनामा विमा सम्वन्धि प्रावधान राखेको पाइएन।<br><br>ख) निर्माण कार्यको लागत अनुमान :- सार्वजनिक खरिद नियमावली 2064 को नियम ९(2) सार्वजनिक निर्माणको लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण र विमा खर्चको लागि रकम व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ। गुणस्तर परीक्षणको लागि कुनै पनि योजनामा रकमको छुट्टै प्रवन्ध गरेको पाइएन ।<br><br>ग) गुणस्तर नियन्त्रण र परीक्षण :- सार्वजनिक खरिद नियमावली 2064 को नियम ९(२) नियम ९७(३ख) तथा नियम ११७(४) मा भएको व्यवस्था अनुसार गुणस्तर परीक्षणको लागि लागत अनुमान मा रकम व्यवस्था गर्नुपर्ने , सुपरिवेक्षण र गुणस्तर नियन्त्रण गर्नुपर्ने एंव निर्माण गरिएको संरचनाको उपयुक्तताको परिक्षण गरी प्रमाणित नभए सम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्न नहुने व्यवस्था छ । नगरपालिकाबाट संचालित कुनै पनि योजनाको गुणस्तर आश्वस्तता योजना पेश नभएको एंव कुनै पनि योजनामा गुणस्तर परीक्षण गरेको प्रमाणहरु संलग्न नरहेकोले निर्माण भएका संरचनाहरु गुणस्तरीय छन् भन्न सक्ने अवस्था देखिएन । नगरपालिकाले गुणस्तरिय कार्य गराउन विशेष ध्यान दिनुपर्ने देखियो ।<br><br>घ) कन्टेन्जेन्सी खर्च :- सार्वजनिक खरिद नियमावली 2064 को नियम मा कुनै पनि योजनामा छुट्टाएको कन्टेन्जेन्सी रकम सम्वन्धीत योजनासँग समन्धित कार्यमा मात्र प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यो वर्ष कन्टेन्जेन्सी बापत के, कति खर्च भयो, कुन-कुन शिर्षकमा खर्च भयो सोको विवरण पेश नगरेकाले कन्टेन्जेन्सी रकम सम्बन्धित योजना बाहेक अन्य कार्यमा समेत प्रयोग गरेको, नगरेको सम्बन्धमा विश्लेषण गर्न सकिएन। यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।<br><br>ङ ) त्रुटी सच्चाउने अवधि :- सार्वजनिक खरिद नियमावली 2064 को नियम 125 अनुसार त्रुटी सच्चाउने अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा नगरपालिकाले त्रुटि सच्चाउने अवधि बाँकी रहेका योजनाको अभिलेख तयार नगरेको एंव कार्य सम्पन्न भएकै आधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखिन्छ । अत : सार्वजनिक खरिद नियमावली 2064 को नियम 117 बमोजिम कार्यस्वीकार प्रतिवेदन तयार गरी त्रुटि संचाउने अवधि बाँकी रहेका योजनाको अभिलेख राखी सार्वजनिक खरिद नियमावली 2064 को नियम 125 अनुसार मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ३९ | | | **कोभिड तर्फ**<br>आ व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | ० | राहत वितरण | ० |
| स्थानीय तहको आफ्नै वजेटवाट | ३००३६४७ | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ११०१८९ |
| संघीय कोभिड कोषवाट | १०००००० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | १८७१६११ |
| प्रदेश कोभिड कोषवाट | २०००००० | आइसोलेसन केन्द्र निर्माण | ० |
| अन्य स्रोतबाट | ० | खोप कार्यक्रम खर्च | ३४७००० |
| - | - | जोखिम भत्ता | ० |
| - | - | प्रशासनिक खर्च | २५७६८० |
| - | - | अन्य खर्च | ४१७१६७ |
| - | - | वाँकी | ३०००००० |
| जम्मा | ६००३६४७ | जम्मा | ६००३६४७ |

कोभिड–१९ तर्फः यस सम्बन्धमा निम्नानुसार देखिएको छः क) यस नगरपालिकामा कोभिड -१९ तर्फ संघीय कोभिड कोषबाट रु१० लाख, प्रदेश कोभिड कोषबाट रु२० लाख र स्थानीय तहले आफ्नै बजेटबाट रु३००३६४७ गरी कुल रु६००३६४७ आम्दानी प्राप्त भएको पाइयो ।

ख) नगरपालिकाले यस वर्ष क्वारेन्टाइन निर्माण तथा व्यवस्थापनमा रु११०१८९, औषधी एवं स्वास्थ्य उपकरण खरिदमा रु१८७१६११, खोप कार्यक्रम खर्चमा रु३४७०००, प्रशासनिक खर्च रु२५७६८० र अन्य खर्च मा रु४१७१६७ खर्च भइ जम्मा रु३००३६४७ खर्च भएको र खातामा बाकी रु३० लाख रहेको पाइयो । पालिकाले कोभिड १९ तर्फ औषधि एव स्वास्थ्य उपकरण खरिद गर्दा सोझै खरिद विधी अपनाएर खरिद गरेको पाइयो ।

४०

**उपभोक्ता समितिबाट निर्माण कार्य**

सार्वजनिक खरिद नियमावलीको नियम २०६४ को नियम २(ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, संचालन, मर्मतसंभार गर्नको लागि आफुहरुमध्येबाट गठन गरेको समिति सम्झनुपर्ने तथा नियम ९७मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अनुसार उपभोक्ता समितिबाट श्रममुलक निर्माण कार्य मात्र गराउन सक्ने देखिन्छ । नगरपालिकाले निम्नानुसारका खरिद कार्य उपभोक्ता समितीमार्फत गरि रु २६८५६८० भुक्तानी गरेको नियमसंगत भन्न मिल्ने देखिएकोमा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २६८५६८० मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो

| बजेट शीर्षक | गो.भौ.नं।मिति | विवरण | उपभोक्ता समिति | रकम |
|---|---|---|---|---|
| नपा चालु | ७२५।७८।३।२२ | सिल्पौलिन प्लास्टिक खरिद | सिल्पोलिन प्लाष्टिक खरिद उ भो स | ८००००० |
| | ७११।७८।३।२१ | मिनिटिलर खरिद | मिनिटिलर खरिद उपभोक्ता समिति | ६४५००० |
| संघीय सशर्त चालु | २८८ | लागत साझेदारीमा चौरी संरक्षण कार्यक्रम | मकैको पिठो खरिद | १२४०६८० |
| | | | जम्मा | २६८५६८० |

४१ **बढी निकासा**

५९,९९८

आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । तर पालिकाले अवकाश प्राप्त शिक्षकलाई पनि निकासा दिएको रु. १२१९४३ र सरुवा भइसकेको शिक्षकको तलब रु६८९०९ गरी कुल रु१९०८५२ बढी निकासा दिएको देखियो । तसर्थ बढी निकासा दिएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने रु.

| गो.भौ.नं।मिति | चौमासिक | विद्यालय | शिक्षक | निकासा भएको | निकासा हुनुपर्ने | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २००।७८।१।१९ | तेस्रो | कामेश्वर प्रा वि | भुपेन्द्र सुनुवार | | | ५९९९८ | |

४२ **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधी नियमावली, २०६४ को दफा ३५ को उपदफा २ (क) मा खर्च गर्ने रकम स्वीकृत बजेट भित्र सम्बन्धित खर्च शीर्षकमा पर्छ भने मात्र खर्चगर्न सकिने व्यवस्था छ । यस नगरपालिकाले नगरकार्यपालिकाको निर्णयअनुसार स्थानीय तहमा रहेका सरकारी अस्पताललाइ संचालन सहयोग अनुदान शीर्षक मध्येबाट इन्धन (कार्यालय प्रयोजन) र इन्धन (अन्य प्रयोजन) शीर्षकबाट १ थान मोटरसाइकल खरिद गरि रु२६६९०० खर्च लेखेको देखिएकोले उक्त खर्च नियमसंगत भन्न मिल्ने नदेखिएकोमा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु266900 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।

४३ **लोगो नभएको**

नगरपालिकाले खरिद गरेका औषधिहरूमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका औषधिहरूमा निम्नानुसार रहेको पाइयो ।

| सि.न. | औषधिको नाम | म्याद समाप्त हुने मिति | निशुल्क वितरणको लोगो |
|---|---|---|---|
| १ | paracetamol (500 mg) | April 202३ AD | free distribution only |
| २ | Amoxycllun (500 mg) | Aug. 2022 AD | free distribution only |
| ३ | Ranitidine (150 mg) | Sep. 2022 AD | free distribution only |
| ४ | Cetrizine (10 mg) | Nov 2022 AD | नभएको |
| ५ | Metformin ( 500 mg) | June 2023 AD | नभएको |

४४

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक स्तरोन्नति तथा सिढि निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २१० जनालाई रोजगारी उपलव्ध गराई रु. 11557000 खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

| योजनाको नाम | कामदारको संख्या | जम्मा दिन | दर | वजेट | खर्च | वित्तिय प्रगति | भैतिक प्रगति |
|---|---|---|---|---|---|---|---|
| सेतीदेवी मन्दिर सिंढी निर्माण | 35 | 100 | 517 | 1909500 | 1909500 | 100 | 100 |
| हलेशी मन्दिर जाने सिंढी तथा पर्खाल निर्माण | 30 | 100 | 517 | 1651000 | 1651000 | 100 | 100 |
| माथिल्लो कुने फुर्जिंग ग्रामिण सडक | 30 | 100 | 517 | 1651000 | 1651000 | 100 | 100 |
| लोसा डोडाङ सडक स्तरउन्नति | 35 | 100 | 517 | 1909500 | 1909500 | 100 | 100 |
| लामाटोल कोट देखि लाकुरी डाँडा सम्म सिंढी निर्माण (कामका लागि पारिश्रमिक | 14 | 100 | 517 | 875500 | 823800 | 94.09 | 100 |
| भैंसेलिम्बु सडक स्तरउन्नति | 30 | 100 | 517 | 1651000 | 1651000 | 100 | 100 |
| कमरे खोल्मे सडक स्तरउन्नति | 36 | 100 | 517 | 1961200 | 1961200 | 100 | 100 |
| जम्मा | 210 | | | 11608700 | 11557000 | 99.15 | 100 |

| | | | | |
|---|---|---|---|---|
| ४५ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको स माचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर यस स्थानीय तहले उक्त प्रक्रियावेगर अधिकाशं औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>क) खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>ख)आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>ग)आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>घ) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>ङ)औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४६ | | | **जिन्सी व्यवस्थापनः**<br>जिन्सी व्यवस्थापनः नगरपालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५, ९६ र ९९ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण, सम्पत्ति तथा मालसामानको लगत तयार गर्ने, सम्पत्ति तथा जिन्सीको मूल्य कायम गर्ने र जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका, टुटफूट भएका सामानको मर्मत गर्नुपर्ने समायोजन भएका साविकका गाउँ विकास समितिहरुले खरिद गरेका सामानहरुको यथार्थ अभिलेख राख्ने लगायतका सुझाव कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ४७ | | | **नापि किताब र कार्यसम्पन्न प्रतिबेदन**<br>लेकखर्क डाडामा कृषि सिचाईका लागि सौर्य प्रणालि जडानका लागि कुल लागतमा ६० प्रतिशत बैकल्पिक उर्जा र ४० प्रतिशत उपभोक्ता समितिको नगरपालिकाले ब्यहोर्ने गरी संझौता भयको भनि पब्लिक सोलार कम्पनि प्रा लि लाई रु २०६७७५२।को बिलको २०।२०७७।६।८बाट रु १६५४२००। खर्च लेखेको छ ।खर्च लेख्दा बैकल्पिक उर्जा कम्पनि संग के कतिको संझौता भयको हो संझौता पत्र, कामको मुल्यांकन, नापि किताब र कार्यसम्पन्न प्रतिबेदन समेत श्रेस्ता साथ संलग्न हुनु पर्नेमा उक्त कागजातहरु संलग्न नरहेको रु | १,६५४,२०० |
| ४८ | | | **दर बिश्लेषणः**<br>दर बिश्लेषणः नगरपालिकाले निर्माण गरेका बिभिन्न सडकमा ढुङ्गा बिच्छाउने काममा प्रति घ मी रु ४२०२।१९ दर कायम गरी भुक्तानि दियको छ ।<br>उक्त दर बिश्लेषण तयार गर्दा ढुङ्गा कच्चि सडक १ कि मि र ग्राभेल सडक १० कि मि टाढाबाट ढुवानि गरेको भनि ढुवानि खर्च जोडि दर कायम गरेको छ । | |

ढुङ्गा ढुवानि खर्च पुरै नगरपालिका भित्रका सबै योजनामा एउटै छ ।ढुङ्गा त्यहि पाउने नजिक पाउने र टाढा पाउने स्थानको अलग अलग ढुवानि खर्च लेख्नु पर्नेमा सबै योजनाका लागि एकै किसिमको दर कायम गरेको छ ।ढुङ्गा पाउने स्थान अनुसार ढुवानि दर कायम गर्नु पर्दछ । नगरपालिकाले प्रयोग गरेको नर्मस अनुसार १ घ मी ढुङ्गा बिच्छाउने काम गर्दा १ घ मी ब्लक स्टोन र ।२० बोन्ड स्टोन लाग्ने देखिन्छ ।जिल्ला दरमा प्रति घ मी ढुङ्गाको रु १४००। उल्लेख छ। सो अनुसार ब्लक स्टोन रु रु १४००। बोन्ड स्टोन रु२८० हुन आउदछ ।त्यसै गरी १ घ मी काम गर्दा १।५ अदक्ष ज्यामि लाग्ने नर्मस रहेको छ । अदक्ष ज्यामिको दैनिक ज्याला दर रु ८२५। रहेको छ । यसरि १ घ मी ढुङ्गा बिच्छाउदा ज्यामि ज्याला रु १२३७ हुन आउदछ ।बिना ढुवानि खर्च अनुसार प्रति घन मिटरको बाटोमा ढुङ्गा बिच्छाउदा रु २९१७। हुन आउदछ ।नगरपालिकाले १ कि मि र ग्राभेल सडक १० कि ढुवानि खर्च रु १०७०। कायम गरी रु ४२०२।१९ दरले उपभोक्ता समितिलाई भुक्तानि दियको छ । यु एन डि पि संग सञ्चालित साझेदारि कार्यक्रमको खर्चको भुक्तानि दिदा प्रति घ मी ३७६७।५३ का दरले भुक्तानि दिएको छ ।कतिपय योजनाको साईटमा ढुंगा पाउन सक्दछ ।योजना र ढुङ्गा पाउने दुरिका आधारमा ढुवानि खर्च कायम गरी दर बिश्लेषण गर्नु पर्नेमा सबै योजनालाई एकै दर कायम गरी भुक्तानि दिएको उपयुक्त देखिएन ।

| भौ न मिति | योजना | भुक्तानि रकम | काम भयको | भुक्तानि दर (ढुवानि जोडि कायम भयको) | ढुवानि नजोडि कायम भयको दर | ढुवानि नजोड्दा हुने फरक भुक्तानि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | घ मी | | | | |
| ८७।२०७७।९।१२ | काङ्दावा लामागाउ तल्लो मादि सडक | ११६४०००। | ५०७।८० | ३७३७। | २९१७। | ४१६३९६। | पुजिगत तर्फ |
| ८९।२०७७।९।२३ | बोदल फिर्के ग्रामिण सडक | ५८२०००। | १२०।९२ | ४२०२।१९ | २९१७। | १४६०६२। | पुजिगत तर्फ |
| १०८।२०७७।१०।८ | काप्सा सुर्योदय बाबियो डाडा सडक | ११६६०००। | २६४।३० | ४२०२।१९ | २९१७। | ३३९६७६। | पुजिगत तर्फ |
| १५५।२०७७।११।२३ | पुरानो ओडारे गाउ सडक | १४५५००। | २५।२० | ४२०२।१९ | २९१७। | २३३८७। | पुजिगत तर्फ |
| १५६।२०७७।११।२३ | हाटडाडा रेञ्जे सडक | ११९०७०६। | ४९८।६२ | ४२०२।१९ | २९१७। | ६४०८२१। | पुजिगत तर्फ |
| १६६।२०७७।११।२८ | घैलेश्वरा कात्तिके सडक | १२६१०००। | १३९।७० | ४२०२।१९ | २९१७। | १७९५४१। | पुजिगत तर्फ |
| १६८।२०७७।११।२८ | गुम्बा गुफा टोल राबु यार्सा ग्रमिण सडक | ८७३०००। | ११६।२० | ४२०२।१९ | २९१७। | १४९३९०। | पुजिगत तर्फ |
| १७४।२०७७।११।२९ | राबु भस्मे सडक | १४५५०००। | ३४२। | ४२०२।१९ | २९१७। | ४३९९३५। | पुजिगत तर्फ |
| २१४।२०७८।१।१९ | भालु डाडा घनमाले सडक | ५८२०००। | १४७। | ४२०२।१९ | २९१७। | १८८९२३। | पुजिगत तर्फ |
| २१८।२०७८।१।१९ | ओख्रे मैलुङ सडक | ९७००००। | २४७। | ४२०२।१९ | २९१७। | ३१७४४२। | पुजिगत तर्फ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५४।२०७८।३।४ | खोल्मे डाडा खर्क माझि खोला सडक | ९७०००००। | ३६०। | ४२०२।१० | २९१७। | ४६२६६८। | पुजिगत तर्फ |
| २५८।२०७८।३।९ | चित्रे छर्पोतन सडक | ३३९५००। | ४१।६० | ४२०२।१९ | २९१७। | ५३४६४। | पुजिगत तर्फ |
| २६१।२०७८।३।११ | एकाम फेदि कात्तिके | ११६३६४१। | १७२। | ४२०२।१९ | २९१७। | २२१०५३। | पुजिगत तर्फ |
| ५।२०७७।९।२९ | लहरेमाने ठुलो पाताल आहाल डाडा चिप चिपे सडक | १३०४२०२। | ९०। | ४२०२।१९ | २९१७ | १३७५१९। | प्रदेश सरकारबाट हस्तान्तरित चालु |
| ६।२०७७।९।२२ | वासा बुलडाडा सडक | २९१०००००। | ३५१। | ४२०२।१९ | २९१७ | ४५११०२। | प्रदेश सरकारबाट हस्तान्तरित चालु |
| ९।२०७७।११।२३ | लहरेमाने ठुलो पाताल आहाल डाडा चिप चिपे सडक | १४५३९२१। | २१३। | ४२०२।१९ | २९१७। | २७३७४५। | प्रदेश सरकारबाट हस्तान्तरित चालु |
| १५।२०७८।२।२२ | लहरेमाने ठुलो पाताल आहाल डाडा चिप चिपे सडक | ११२१८६४। | २७। | ४२०२।१९ | २९१७। | ३४७००। | प्रदेश सरकारबाट हस्तान्तरित चालु |
| | | | | | जम्मा | ४४७५८२४ | |

४९ **डीपीआर**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।

यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| भौ न । मिति | कामको | फर्मको नाम | रकम |
|---|---|---|---|
| ७।२०७७।५।३१ | नेपाने बजेनि सडक | प्रोडेक्स ईञ्जिनियरिङ | ४९६५५०। |
| १७।२०७७।६।८ | कुथामे | ब्रोदर हुड ईञ्जिनियरिङ | ७२३०८७। |
| १९।२०७७।६।८ | लिंकन बजार स्थित कमरसियल भवन | मुनलाईट सिभिल सोलुसन | ७२३०८७। |
| २५९।२०७८।३।१० | पुम्पा पाँचपोखरि ढुङ्गे सडक | ईञ्जिनियरिङ हेल्पलाईन प्रा. लि. | ४९८३९१। |
| २६०।२०७८।३।१० | ठुलाढुङ्गा पार्क बिकास र ओख्रे ठुल ढुङ्गा सडक | ईञ्जिनियरिङ हेल्पलाईन प्रा. लि | २९८१६४। |
| | | जम्मा | २७३९२७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५० | | | | **भरपाई पेश**<br>प्रदेश आर्थिक कार्यबिधि नियमावलि २०७६ को नियम ३७(३)अनुसार खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नु पर्ने उल्लख छ । गाउपालिकाले जिरी बजारमा शित गृह निर्माणका लागि भुमि ब्यबसथा कृषि तथा सहकारी मन्त्रालय मन्त्रालयले पाउने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई ८३।२०७७।९।२१ बाट रु २५०००००। भुक्तानि दिएको छ ।उक्त निर्माण कार्यकालागि भुमि ब्यबसथा कृषि तथा सहकारी मन्त्रालय मन्त्रालयले कति प्रतिशत ब्यहोर्ने र नगर पालिकाले कति ब्यहोर्ने हो सो को संझौता सहित काम गरेको बिल भरपाई स्रेस्ता साथ संलग्न हुनु पर्नेमा उक्त कागजातहरु श्रेस्ता साथ संलग्न छैनन् । अत भुमि ब्यबसथा कृषि तथा सहकारी मन्त्रालय संग भयको संझौता र कामको बिल भरपाई पेश हुनु पर्दछ रु | २,५००,००० |
| ५१ | | | | **विपद व्यवस्थापन**<br>क) विपद व्यवस्थापन समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/ समिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।<br><br>ख) कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।<br><br>ग) विपद् व्यवस्थापन कोष – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु४३,१५,६००.७५ आम्दानी भई रु. १३,०२,२६४.१२ खर्च गरी बाँकी रु.३०,१३,३३६.६३ देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।<br>घ) वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५२ | | | **साधन खरिद**<br>क) साधन खरिद – अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.५५४०००, तथा १ थान चार पांग्रे सवारी साधन खरिदमा रु.२७९०००० का समेत रु.३३४४००० खर्च गरेका छन् । कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 2775000 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो<br><br>ख) मोटर खरिद सम्बन्धमाः नगरपालिकाले महिन्द्रा पिक अप मोटर खरिद वापत अग्रि ईन्कर्पोरेटलाई ७७।२०७७।९।२० बाट रु २७७५०००। भुक्तानि खर्च लेखेको छ । मोटर खरिद गर्दा कति वटा फर्मले खरिद प्रकृयामा सो को बिबरण,तुलनात्मक बिबरण, छनौट भएको कम्पनिको खरिद गर्ने नगरपालिकाको निर्णय स्रेस्तासाथ संलग्न हुनु पर्नेमा उक्त बिबरणहरु श्रेसतासाथ संलग्न छैनन । अत उक्त कागजातहरु पेश हुनु पर्दछ रु | |
| ५३ | | | **विद्यार्थि शिक्षक अनुपात**<br>शिक्षा नियमावली २०५९ को नियम १२ क मा सामुदायिक विद्यालयहरु एक एक आपसमा गाभिँनको लागि उक्त नियमावलीको नियमको ७७ बमोजिम हिमाली जिल्ला प्रति कक्षा विद्यार्थी संख्या ४० जना नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । पालिका मातहतमा रहेका २८ बटा सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात तोकिएको अनुपात भन्दा कम रहेको हुदा नियममा भएको व्यवस्था अनुसार एक आपसमा गाभि शिक्षाको गुणस्तरमा बृद्धि गराउनुपर्दछ । | |
| ५४ | | | **कार्य सम्पन्न प्रतिबेदन**<br>निम्न भौ न मितिबाट निम्नानुसार झोलुङ्गे पुल निर्माण वापत उपभोक्ता समितिलाई निम्नानुसार भुक्तानि दिएको छ । झोलुङ्गे पुल निर्माण वापत | |

<table>
<tr><td></td><td></td><td></td><td>भुक्तानि दिदा सो कार्य गर्दा लाग्ने लागत अनुमान, कसले कति ब्यहोर्ने भनि खुलेको संझौता, नापि किताब, दर बिश्लेषण,कामको मुल्याकंन र कार्य सम्पन्न प्रतिबेदन समेत हुनु पर्नेमा उक्त कागजातहरु स्रेस्तासाथ संलग्न भएको द्खिएन । अत उक्त कागाजातहरु पेश हुनुपर्नेमा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 3456600 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।
<table>
<tr><td>भौ न ।मिति</td><td>योजनाको नाम</td><td>रकम</td></tr>
<tr><td>२६।२०७८।३।९</td><td>पानिटार आहाले झो. पु.</td><td>३९७१५७।</td></tr>
<tr><td>३२।२०७८।३।२२</td><td>पानिटार आहाले झो. पु.</td><td>२३६४४१।</td></tr>
<tr><td>३१।२०७८।३।२२</td><td>खोलाघारी झो. पु .</td><td>२५९१९१०।</td></tr>
<tr><td>३६।२०७८।३।२४</td><td>यारसा फेदि झो. पु</td><td>२३११००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३४५६६००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>नापि किताब पेश<br>नगरपालिकाले खोलागरि झोलुङ्गे पुलको ११ किसिमका सामानका लागि रु १०३०४९० र पाटिटार आहाले झोलुङ्गे पुलको ९ किसिमको सामानको लागि रु ११६००१९। गरि जम्मा रु २१७०८०७। जुनकिरि ईण्डष्ट्रिज प्रा लि लाई १०।२०७७।११।२४ बाट भुक्तानि दिएको छ। खरिद गरेका झोलुङ्गे पुलका सामानहरु सम्बन्धित झोलुङ्गे पुलमा प्रयोग भयको नापि किताब स्रेस्ता साथ संलग्न छै न । अत: खरिद गरेका सामानहरु सम्बन्धित झोलुङ्गे पुलमा प्रयोग भयको नापि किताब पेश हुनुपर्ने मा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 2170807 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>विमा<br>सार्बजनिक खरिद नियमावलि २०६४ को नियम अनुसार १० लाख भन्दा निर्माण कार्य गराउदा बिमा गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले कार्यालय भबन निर्माणका लागि कुल लागत अनुमान रु १९९८५६४।६७ मा सबै भन्दा कम रु १४९७७५८।कबोल गर्ने मेरो निर्माण सेवा संग मिति २०७७।८।१३ मा संझौता गरेको छ ।नियममा ब्यबस्था भय बमोजिम १० लाख भन्दा बढिको निर्माण कार्य गराउदा बिमा गराएको छैन।अत नियममा ब्यबस्था भय बमोजिम बिमा गर्ने ब्यबस्था गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>प्रयोगशाला परिक्षण विल पेश नभएको<br>प्रदेश आर्थिक कार्यबिधि नियमावलि २०७६ को नियम ३७(३) अनुसार खर्च गर्दा बिल भरपाई सहित गर्नु पर्ने उल्लेख छ । नगरपालिकाले निम्नानुसारका निर्माण ब्यबसायिलाई देहाय अनुसार भुक्तानि दिएकोमा भुक्तानि साथ बिल संलग्न गर्नुपर्नेमा बिल संलग्न गरेको छैन ।अत बिल बेगर भुक्तानि दिएको रकम</td><td>३२,२५०</td></tr>
</table>

असुल हुनुपर्नेमा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको निगाले नेपाने ले रु 28400 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो

| निर्माण ब्यबसायि | काम | वापत | रकम |
|---|---|---|---|
| जे बि कन्स्ट्रक्सन | रातमाटे पटासे सडक | प्रयोगशाला परिक्षण | ३२२५०। |
| जम्मा | | | ६०६५०। |

५८

**शिक्षक तलव भत्ता भुक्तानी**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका २८ वटा विद्यालयका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु ७२०५०० तलब भत्ता भुक्तानी गरेको पाईयो । शर्सत अनुदान बाट स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकलाई तलव भत्ता भुक्तान गर्नुपर्नेमा अन्य शिक्षकलाई समानीकरण शिर्षक बाट खर्च लेखि अनियमित भएको छ । आगामी दिनमा यस प्रकारको खर्च लेख्ने कार्यमा सुधार हुनुपर्दछ ।

५९

**नम्स भन्दा बढी भुक्तानीः** १,२००

नम्स भन्दा बढी भुक्तानीः अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका को बुँदा नं ७.१.१५ मा तालिम, गोष्ठी सेमिनार लगायतका खर्चको मापदण्ड उल्लेख छ । पालिकाले सरकारी सो मापदण्डलाई आधार लिई खर्च गर्नु पर्ने व्यवस्था छ । उक्त निर्देशिकामा जिल्ला तथा नगरपालिका स्तरीय तालिम,गोष्ठी र कार्यशालामा तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सबै प्रकारको तालिमको प्रशिक्षकको पारिश्रमिक अन्तर्गत सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिएबापतको पारिश्रमिक नपाउने तर कार्यपत्रबापतको रकम पाउनेछ भन्ने व्यवस्था रहेको छ । पालिकाले उक्त निर्देशिकामा व्यवस्था भएको नम्स भन्दा बढी दरले स्रोतव्यक्तिको पारिश्रमिक भुक्तानी गरेको देखियो । पालिकाले निम्नानुसार तालिम तथा गोष्ठीमा निम्नुसारको बढी भुक्तानी गरेको रकम सम्बन्धित पक्षबाट असुल गरि बेरुजु खातामा दाखिला गर्नुपर्ने रु कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको केशव प्रसाद दाहालको रु 1200 बाहेक अन्य मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।

| गो.भौ.नं/मिती | कार्यक्रम | नाम | नम्स अनुसार | भुक्तानी भएको | बढी भुक्तानी | कक्षा संख्या | जम्माबढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २७।०७७।६।५ | नसर्ने रोगसम्बन्धि अभिमुखीकरण | डा परवेज आलम | १००० | १५०० | ५०० | १ | ५०० |
| | | गौतम कुमार शाह | १००० | १५०० | ५०० | १ | ५०० |
| २८।०७७।६।५ | आखा, नाक, कान, घाटी सम्बन्धि अभिमुखिकरण | सुनिता सिलवाल | १००० | १५०० | ५०० | २ | १००० |
| | | गौतम कुमार शाह | १००० | १५०० | ५०० | २ | १००० |
| २९०।७८।३।८ | व्यवसाय सचेतना तालिम | विनिता कुमारी चौधरी | ७०० | १२०० | ५०० | २४ | १२००० |
| | | अनिता बिसी | ७०० | १२०० | ५०० | २४ | १२००० |
| | | जुनु जिरेल | ७०० | १२०० | ५०० | ३ | १५०० |
| १४२।०७७।११।१७ | नेतृत्व संस्थागत विकास तालिम | श्याम बहादुर खनाल | १००० | १६०० | ६०० | २ | १२०० |
| | | केशव प्रसाद दहाल | १००० | १६०० | ६०० | २ | १२०० |
| | | विमल कुमार दहाल | १००० | १६०० | ६०० | १ | ६०० |
| | | आशादेवी सुनुवार | १००० | १६०० | ६०० | १ | ६०० |
| जम्मा | | | | | | | ३२१०० |

६० **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा १० र ११ मा लाभग्राहीको नाम व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी परिचय पत्र जारी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षामा रु४८२६९४३० निकासा भएकोमा लाभग्राहीलाई रु४८१९१०८८ वितरण र रु७८३४२ कोलिनिका दोलखाको विनियोजनखातामा फिर्ता दाखिला भएको पाइयो । नमूना छनोटको आधारमा वडा नं १ र ५ को परीक्षण गर्दा निम्नानुसार देखिएको छ ।

क) नाम नबिकरणः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) बमोजिम नाम नविकरण नगरि विगत वर्षहरुमा भत्ता पाइ राखेकाहरुको नामावलीलाई नै नविकरण मानी भत्ता वितरण गर्ने गरेको देखिन्छ । पालिकाले लाभग्राहीहरुको नामावली कार्यविधीमा उल्लेखित भए बमोजिम नविकरण गराउनुपर्ने देखिन्छ ।

६१ **शैक्षिक सुधार**

क) विद्यालयगत निकासा अभिलेख खाता : पालिकाले प्रत्येक विद्यालयलाई प्रदान गरिने निकासा गरिने रकमको विद्यालयगत निकासा अभिलेख खाता तयार गरी भुक्तानी दिनुपर्नेमा सो गरेको पाइएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | ख) शैक्षिक गुणस्तर प्रतिवेदन : कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार स्थानीय निकायले आफु मातहतका विद्यालयको शैक्षिक गुणस्तर सम्वन्धि अवस्थाको अध्ययन गरी सो प्रतिवेदन तयार गरी शैक्षिक गुणस्तरमा सुधार गर्नुपर्नेमा सो गरेको पाईएन । आगामि दिनमा सो कार्यमा सुधार गर्नुपर्दछ ।<br><br>ग) शुल्क निर्धारण अनुमगन : कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार स्थानीय निकायले आफु क्षेत्र भित्रका निजि क्षेत्रका विद्यालयको शुल्क निर्धारण सम्वन्धि अनुगमन गरी नियन्त्रण गर्नुपर्नेमा सो गरेको पाईएन ।सो कार्यमा सुधार गर्नुपर्दछ । | |
| ६२ | | | **स्थानीय तथा प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम**<br>स्थानीय तथा प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार परियोजना सञ्चालन गर्न रु७४५६२५० बजेट प्राप्त भएकोमा रु७३३४१२१।३ खर्च भएको देखिन्छ । | |

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| स्थानिय पूर्वाधार विकास | ३ | ३४५६२५० | ३४१०००० | ९८।६६ | १०० |
| प्रदेश पूर्वाधार विकास | २ | ४०००००० | ३९२४१२१।२५ | ९८।१० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ६३ | | | **दिवा खाजा**<br>विद्यालय स्रोत कार्यान्वयन पुस्तिका ०७७।०७८ को बुदा नं. ७.१ मा विद्यार्थीका लागी दिवा खाजा कार्यक्रम प्राप्त भएका स्थानिय तहले कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा ० देखि ५ सम्म अध्ययनरत वाललालिकाहरुको लागी विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थि दैनिक रु.१५ का दरले १८० दिनको लागी विद्यालयको खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले २८ वटा विद्यालयलाई दिवाखाजामा अनुदानमा रु२०२५१८० निकासा गरेको पाइयो । विद्यालयहरुले विद्यालय संचालन भएको दिनलाई आधार मानेर विद्यार्थिको दैनिक हाजिरी पुस्तिका प्रमाणित गरी स्थानिय तहमा संकलन पश्चात थप निकासा दिनुपर्नेमा पालिकाबाट विद्यालय संचालन अवधि समेतको प्रमाणित विद्यार्थि हाजिरी पुस्तिका पेश हुन आएन । | |
| ६४ | | | **प्रमाण पेश**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६-३_ मा खर्च गर्दा खर्चको बिल भर्पाई र पुष्टयाई सहित लेखा राख्नु पर्ने प्रावधान रहेको छ ।<br>कार्यालयले निम्न भुक्तानीमा खर्चलाई पुष्टयाई गर्ने प्रमाण पेश नभएकाले नियमानुसारको प्रमाण र पुष्टयाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | |

| खर्च शीर्षक | भौ.नं.+=÷ मिति | विवरण | रकम | खर्चको पुष्ट्याई सम्बन्धमा |
|---|---|---|---|---|
| संघीय सशर्त चालु | ३५।०७६।६।६ | सौर्य उर्जा प्रविधी जडान | ३००००० | प्राविधिकले प्रमाणित गरेको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने |
| संघीय सशर्त पूँजीगत | ३३५।०७८।३।२९ | बायोग्यास जडान | ४७६६०६।८८ | |
| संघीय सशर्त चालु | ३६२।०७८।३।२४ | पोषणयुक्त तरकारीको कम्पोजिट बीउ | १८५००० | वितरण गरेको भरपाई पेश गर्नुपर्ने |
| जम्मा | | | | ९६१६०६।८८ |

६५ **सामान खरिदको बिल भरपाइ**

प्रदेश आर्थिक कार्यबिधि नियमावलि २०७६ को नियम ३७(३) अनुसार खर्च गर्दा बिल भरपाई सहित गर्नु पर्ने उल्लेख छ । पालिकाले प्रदेश सर्शत चालु तर्फ गो.भौ.नं.।मिति २४।०७७।११।१४ मा नर्सिङ कक्षा व्यवस्थापनका लागि कालिका माविलाइ रु२८६६०० र गो.भौ.नं.।मिति ३२।०७८।१।२२ मा बौद् भुवनेश्वरी माविलाइ रु २८६६०० गरी कुल रु५७३२०० भुक्तानी गरेकोमा सामान खरिदको बिल भरपाइ पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्नेमा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 573200 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो

६६ **पारिश्रमिक कर** ४,०८०

आर्थिक कार्यबिधी नियमावली, २०६४ को नियम ३६ को उपनियम ८ मा कुनै रकमको भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था छ ।
पालिकाले EWARS कार्यक्रममा विभिन्न व्यक्तिलाइ पारिश्रमिक बापत रु ३४२०० भुक्तानी गरेकोमा कुल पारिश्रमिक भुक्तानीको १५ प्रतिशतले हुन आउने कर रकम रु५१३० मध्ये रु १०५० मात्र बैंक दाखिला गरेको प्रमाण पेश हुन आएकोले बाकी करयोग्य रकम रु ४०८० बैंक दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु

६७ **परामर्श सेवा**

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोभैm खरिद गरी रु.५९८३०७ खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

| खर्च शीर्षक | गो.भौ.नं।मिति | परामर्शकर्ता | पान नं | रकम | विवरण |
|---|---|---|---|---|---|
| संघीय सशर्त चालु | ३२८।०७८।३।२३ | जे.के. टेक्नो लिङ्क | ६००६००६१७ | ४९८३०७ | व्यक्तिगत घटना दर्ता किताब डिजिटाइजेसन |
| संघीय सशर्त चालु | ३४३।०७८।३।२३ | दर्पण संचार मिडिया | ६०६५४३६९ | १००००० | सामाजिक परीक्षण |
| जम्मा | | | | ५९८३०७ | |

६८

**अधुरो योजना**

अधुरा आयोजना – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. ७४०५६६२२ का १० योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

| क्र स | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | यो बर्ष खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Hatdanda – Sikri – Trishule - Jhankre Road | PS-GSHC J/V, Kathmandu, Nepal | 2/25/2077 | 3/15/2078 | | 30235048.41 | |
| 2 | Construction of Nigale-Nepani-Bajeni-Ward Karyalaya Road | Aashreeya-Khawa J/V, Katunje-1, Bhaktapur | 8/1/2077 | 1/30/2078 | | 8009160.667 | |
| 3 | Construction of Kuthame-Ghunsa Road | A.T Construction, Kathmandu, Nepal | 8/18/2077 | 1/30/2078 | | 4025555.245 | 70% |
| 5 | Construction of Dallemane-Kyangse Road and Installation of Lord Shiva Statue | Sobarna-SK JV, Gatthaghar, Bhaktapur | 2/18/2078 | 12/18/2078 | | 2200000 | 10% |
| 6 | Construction of Jiri Commercial Complex Building | Valley/JJ/PMK JV | 12/26/2077 | 6/26/2079 | | 9870380.967 | 25% |
| 7 | Construction of Khawa-Rambole Road | J.B. Construction, Selang, Sindhupalchowk | 11/4/2076 | 9/29/2077 | | 8183796.69 | |
| 8 | Construction of Ratmate-Patase Road | J.B. Construction, Selang, Sindhupalchowk | 11/4/2076 | 9/29/2077 | | 9472920.4 | |
| 9 | Fabrication of Steel Parts and Transportation up to the head of Patittar Aahale and Kholaghari Trail Bridges | Junkiri Industries P. Ltd., Butwal, Rupandehi | 8/21/2077 | 11/21/2078 | | 1921068.42 | |
| 10 | Construction of Municipal Hall | Mero Nirman Sewa, Jiri-04,Dolakha | 8/26/2077 | 11/26/2078 | | 1318690.85 | |
| जम्मा | | | | | | ७४०५६६२२ | |

६९

**कार्यसम्पन्न तथा बितरण भरपाई**

बिपत व्यवस्थापन सम्बन्धी कार्यको लागी निम्न बमोजिम फर्म बाट बिभिन्न साईज र दरका जाली खरीद गरी गो.भौ.न 63-077।06।02 बाट रु 544417।-

भुक्तानी गरेको छ।तर ति जाली कहा कुन स्थानमा प्रयोग भएको हो कार्यसम्पन्न तथा बितरण भरपाई पेशहुनु पर्नेमा कार्यालयको मिति २०७८।७।१५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु1544417 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।

| फर्मको नाम | परिमाण | साईज र दर | रकम |
|---|---|---|---|
| कृतन वर्डर एण्ड सप्लयर्स | 195 | बिभिन्न | ५४४४१७ |
| जम्मा | | | ५४४४१७ |

<table>
<tr><td>७०</td><td></td><td></td><td>सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको<br>हुने व्यवस्था गरेको छ । बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्यौट गर्नुपर्दछ । कार्यालयले गत विगत वर्षसम्मको बेरुजू को अध्यावधिक विवरण तयार गरी सम्परीक्षणको लागि अनुरोध गर्नुपर्नेमा<br>कार्यालयले यस वर्ष सम्परीक्षणको लागि अनुरोध गरेको छैन । नियमानुसार बेरुजुको विवरण अध्यावधिक गरी सम्परीक्षण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>अनुगमन<br>गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>बेरुजुको अध्यावधिक अवस्था<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ। सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको बेरुजू फछ्यौंटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू<br>(E=A-B+C+D)</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>


https://nams.oag.gov.np